कार्यपालिका बैठक संख्या ३

आज मिति २०८०।२।२६ गतेका दिन यस शारदा सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा पेश भएका प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो ।

उपस्थितीहरू

| | | |
|---|---|---|
| १- श्री तप्त बहादुर पौडेल | - | गा.पा. अध्यक्ष |
| २- श्री मनिषा सिंह थारु | - | गा.पा. उपा.अध्यक्ष |
| ३- श्री यम बहादुर खड्का | - | १ नं. वडा अध्यक्ष |
| ४- श्री ज्ञानेन्द्रराज वली | - | २ —॥— |
| ५- श्री मिन कुमार थारु | - | ३ —॥— |
| ६- श्री मीनराज खड्का | - | ४ —॥— |
| ७- श्री भगारु थारु | - | ५ —॥— |
| ८- श्री लवराज खरेल | - | ६ —॥— |
| ९- श्री रामलखन थारु | - | ७ —॥— |
| १०- श्री शालिकराम जोशी | - | ८ —॥— |
| ११- श्री शोहनलाल थारु | - | ९ —॥— |
| १२- श्री राधिका सुनार | - | कार्यपालिका सदस्य |
| १३- श्री याम कुमारी वली | - | —॥— |
| १४ श्री गौत्रा कुमारी जोशी | - | —॥— |
| १५- श्री सुमित्रा थारु | - | —॥— |
| १६ श्री आन बहादुर वि.क. | - | —॥— |
| १७ श्री केशवराज दमाई | - | —॥— |
| १८ श्री ओम प्रकाश देवकोटा | - | प्र.प्र.अ. |

कार्यपालिका बैठक संख्या नं २३ मिति २०८०/०२/२६ गते

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कृषि रणनीतिक योजना स्वीकृत सम्बन्धमा ।
३. नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा ।
४. आयोजनाको म्याद थप सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. भेरियसन अर्डर सम्बन्धमा ।
७. 'घ' वर्गको इजाजत पत्र जारी गर्ने सम्बन्धमा ।
८. एम्बुलेन्स दाखिला तथा पे.फ. गर्ने सम्बन्धमा ।
९. भेटेरीनरी अस्पताल निर्माण सम्बन्धमा ।
१०. आँखा उपचार केन्द्र स्थापना सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।
    (क) सहमति सम्बन्धमा ।
    (ख) ज्याला भुक्तानी सम्बन्धमा ।
    (ग) आर्थिक सहयोग सम्बन्धमा ।
    (घ) सचीकृत सम्बन्धमा ।
    (ङ) कामकाज सम्बन्धमा ।

निर्णय प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

यस राप्ती सोनारी गाँउपालिकाको लागि कारितास नेपालको सहयोगमा तयार भएको कृषि रणनीतिक गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ व २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटसंगै कानूनले निर्दिष्ट गरेका तपसीलका मस्यौदाहरु आगामी कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(क) नीति तथा कार्यक्रम
(ख) आर्थिक विधेयक (राजस्व वा करका दरहरु)
(ग) विनियोजन विधेयक (संचित कोष, कार्यक्रमगत र शीर्षकगत खर्च)
(घ) बजेट वक्तव्य
(ङ) वार्षिक विकास कार्यक्रम
(च) गत वर्षको राजस्व र व्ययको विवरण
(छ) चालु वर्षको संसोधित अनुमान
(ज) आगामी वर्षको कार्यक्रम र बजेट अनुमान
(झ) मध्यमकालीन खर्च संरचना

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

निर्णय प्रमाणित
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

यस गाँउपालिकाको तपसीलका आयोजना तथा कार्यक्रमहरुलाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि न | आयोजना/कार्यक्रमको नाम | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | मुकुन्द पाण्डेको घरदेखि अमरैयासम्म बाटो PCC निर्माण रा. सो. ६ | २०७९/१२/३० | २०८१/०२/२५ | समर्थन |
| २ | करमटिया टोलमा माटो पटान र ग्राभेल रा. सो. ६ | २०७९/१२/३० | २०८१/०२/२५ | समर्थन |
| ३ | ने. रा. मा. वि. गुलरी रा. सो. ६ | २०८०/०२/३० | २०८०/०३/१५ | |
| ४ | दीप प्रकाश आ वि भवन निर्माण रा. सो. ७ | २०७९/०३/१५ | २०८०/०३/१५ | |
| ५ | कचनापुर सडक पक्की बाटो निर्माण रा. सो. २ | २०८१/०२/१५ | २०८०/०३/१५ | |

**निर्णय नं. ५**

यस आ. व. को तपसीलको स्वीकृत कार्यक्रमलाई अन्य काम गर्नका लागि १२ औं गाँउ सभाले दिएको अधिकार र १३ गाँउ सभामा समेत अनुमोदन हुने गरी रकमान्तर तथा शीर्षकान्तर गर्ने निर्णय गरियो ।

| सि नं | भएको कार्यक्रम | रकम रु | रकमान्तर हुनु पर्ने कार्यक्रम | रकम रु |
|---|---|---|---|---|
| १ | मागका आधारमा स्वास्थ्य चौकी मर्मत तथा संचालन खर्च (गा पा) कार्यक्रम | १५ लाख | स्वास्थ्य चौकी भवन निर्माण राप्ती सोनारी ९ ढकेरी | ८ लाख ९० हजार |
| | | | बर्थिङ्ग सेन्टर निर्माण राप्ती सोनारी ६ | १ लाख २५ हजार |
| | | | कचनापुर स्वास्थ्य चौकी शौचालय मर्मत | ३ लाख १० हजार |
| | | | आधारभूत स्वा से केन्द्र कमैयाडाँडा | १ लाख ७५ हजार |
| २ | सवारी साधन | ३ लाख | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई साईकल वितरण | ३ लाख |
| ३ | भूमि सम्बन्धी | १० लाख | सवारी साधन मर्मत | १५ लाख |
| ४ | अनुगमन तथा मूल्यांकन | ४ लाख | | |
| ५ | सरसफाई | १ लाख | | |
| ६ | कर्मचारी बैठक भत्ता | ५ लाख | पत्रपत्रिका | ५ लाख |
| ७ | घरभाडा | ३ लाख | सभा सञ्चाल | ५ लाख |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | गा. पा. भवन निर्माण लागि जग्गा प्राप्ती | २ लाख | | |
| ९ | आन्तरिक आम्दानी | ३ लाख | कर्मचारी भ्रमण | ३ लाख |
| १० | स्वास्थ्य चौकी र अस्पतालमा ल्याब व्यवस्थापन (१ देखि ९) गा. पा. | २० लाख | सेमी अटो अनालाईजर ३ थान | ७ लाख |
| | | | मोतिया बिन्दुको शिविर सञ्चालन | ४ लाख |
| | | | स्वास्थ्य चौकी र अस्पतालमा ल्याब व्यवस्थापन (१ देखि ९) गा पा | ९ लाख |

**निर्णय नं. ६**

राप्ती सोनारी गाँउपालिका वार्ड नं. २ मा रहेको कचनापुर सडक पक्की बाटो निर्माण कार्य मिति २०७९ पौष २४ गते सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान भन्दा बढी लम्बाईको काम गर्नु पर्दा लागत अनुमान रकम रु. १,०९,२९,२०७।४५ (एक करोड नौ लाख उन्नातिस हजार दुई सय सात पैसा पैतालिस मात्र) को ९ दशमलव ९६ प्रतिशतले हुन आउने रकम १०,८८,३७०।८० (दश लाख अठासी हजार तिन सय सत्तरी पैसा असी मात्र) बढ्न गएको भनी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाँउपालिका अध्यक्ष हुँदै पेश हुन आएको टिप्पणी प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

साक्षी निर्माण सेवा, राप्ती सोनारी-४, बाँकेलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती सोनारी गाँउपालिकाको 'घ' वर्गको ईजाजत दिने सम्बन्धी कार्यविधिको दफा २ बमोजिम ईजाजत दिने निर्णय गरियो।

**निर्णय नं. ८**

तत्कालीन संसद विकास कोष, तत्कालीन खासकुश्मा गा वि स र यस गाँउपालिकको लगानीमा कुसुम एम्बुलेन्स खरिद एवं प्रबन्ध समितिद्वारा खरिद गरी खासकुश्मा स्वास्थ्य चौकी अन्तर्गत रही सेवा दिइरहेको भे १ झ ३४३ नम्बरको एम्बुलेन्स यस गाँउपालिकामा दाखिला गरी सो खरिदका लागि दिइएको पेश्की रकम रु. ५ लाख एम्बुलेन्स खरिदमा परेको परल मूल्यबाट पेश्की फर्छ्यौट गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९**

राप्ती सोनारी गाँउपालिका वार्ड नं ४ मा यस गाँउपालिकाको स्वामित्वमा रहेको करिब १० कट्ठा जग्गामा गाँउपालिकास्तरीय भेटेरीनरी अस्पताल स्थापना गर्न लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालय, देउखुरी, दाङ्गमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

राप्ती सोनारी अस्पतालमा ग्रामीण आँखा केन्द्र स्थापनाका लागि तिलगंगा आँखा प्रतिष्ठानसंग आवश्यक समन्वय गर्न भालुवाङ्ग सर्जिकल सेन्टर, दाङ्गलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) मधेश मानव अधिकार गृह (माहुरी-होम), तौलिहवा, कपिलवस्तुलाई यस गाँउपालिकामा अल्पसंख्यक र सीमान्तकृत समुदायको अधिकारमा पहुँच नामक परियोजना सञ्चालन गर्न सहमति प्रदान गर्ने।

(ख) यस गाँउपालिकामा सञ्चालनमा रहेको रोलर मेसीनमा सहायका रुपमा रहेको जाकिर शेषलाई दैनिक ज्यालादारीमा हुन आउने रकम, वडा नं. ९ मा स्वीकृत कार्यक्रमाभित्र रही मालीमा रुपमा काम गर्ने नवीन थारु र नागरिक सहायता कक्षमा काम गर्ने हेमन्ता कुमारी थारुलाई २०८० बैशाखसम्म हुन आउने ज्याला हाजिरी प्रमाणित तथा कामको प्रतिवेदनका आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ग) मानवसेवा आश्रम शाखा कार्यालय नेपालगंज बाँकेलाई रु. ५००००।- (पचास हजार मात्र) आर्थिक सहयोग गर्ने।

(घ) राप्ती सोनारी गाँउपालिका-६ मा रहेको स्वर्गद्वारी वालुवा प्रसोधन केन्द्रलाई विद्यमान कानूनको परिधिभित्र रही सूचीकृत गर्ने।

(ङ) एम्बुलेन्स चालक हरि प्रसाद थारुलाई ज्यालादारीका रुपमा सर्पदंश उपचार केन्द्र ओभरीमा कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(च) राप्ती सोनारी गाँउपालिका वार्ड नं १ र ८ मा रहेको गौशलालाई वार्ड नं २ मा कृष्ण प्रणामी गौशालामा गाभ्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner